## प्रभावकारी ...

घोराही उपमहानगरपालिकामा सुरक्षित नागरिक आवास कार्यक्रम हेरिरहनुभएका सुनिल शर्माले अघिल्ला वर्षहरूमा पहिलो किस्ता लगेका लाभग्राहीले सोही आर्थिक वर्षमा दोस्रो किस्ता लिन नसक्दा बजेट कम खर्च भएको बताउनु भयो। सोही आर्थिक वर्षमा दोस्रो किस्ता नलगेका लाभग्राहीहरूको अनुगमन गरी दोस्रो किस्ता अर्को आर्थिक वर्षमा भुक्तानी गरिएको थियो। शर्माले थोरै लाभग्राहीले पहिलो किस्ता लगेर घरमा टिन नलाएको पाइएकाले दोस्रो किस्ता रोकिएको उल्लेख गर्नुभयो। आर्थिक वर्ष २०८०/०८१ मा लाभग्राही छनोटमा ढिलाई भएकाले खर्च कम भएको देखिन्छ। घोराही उपमहानगरपालिकाबाट सुरक्षित नागरिक आवास कार्यक्रमको हरेक वर्ष बजेट खर्च नभए फिर्ता गएको छ। पहिलो किस्ता वापत ४५ हजार र दोस्रो किस्तामा ३० हजार दिने प्रावधान छ। टिन लगाउन सरकारले दिएको रकमले पर्याप्त भएकाले लाभग्राही सचेत भएर खर्च गर्नुपर्ने देखिन्छ। यता सघन शहरी तथा भवन निर्माण आयोजनाका ईन्जिनियर मिलन अर्यालले पालिकाहरूको उदासीनताले गर्दा कार्यक्रम पूर्णरूपमा सफल नभएको बताउनुभयो। 'हामी त समन्वयकारी निकाय मात्रै हो यस कार्यक्रमको सबै अधिकार स्थानीय तहलाई दिएको छ, त्यतैबाट कार्यान्वयन हुनुपर्छ' उहाँले भन्नुभयो, 'छनोट भएका सबै व्यक्तिको नाममा पैसा पनि आएको छ तर खर्च नभएको देखिन्छ।' उहाँले सम्झौता गर्न नआउने, सम्झौतापछि हराउने जस्ता समस्याले पनि बजेट खर्च कम भएको बताउँदै स्थानीय तहले तदारुकता देखाए सुरक्षित नागरिक आवास कार्यक्रम सफल हुने बताउनुभयो। आयोजना कार्यालयमा सुरक्षित नागरिक आवास कार्यक्रम हेर्नुभएका खेमराज थापाले कतिपय लाभग्राहीले थाहै नपाएको पनि बताउनुहुन्छ। तिन वर्ष पहिले निर्णय भएकाको पैसा पछिल्ला वर्षमा आउन थालेकोले पनि उनीहरूलाई थाहै नभएको उहाँको भनाई छ। स्थानीय तहका जनप्रतिनिधिले यसमा तदारुकता देखाउनुपर्ने उहाँको भनाई छ। 'चुनावका बेला फाईल ल्याउनुहुन्छ, यहाँ भ्याई नभ्याई हुन्छ' उहाँ भन्नुहुन्छ, 'आजभोली जनप्रतिनिधिले पनि चासो नदेखाएको देखिन्छ।'

तालिका नं. २, दाङका स्थानीय तहमा खरको छाना भएका घर र कार्यक्रम सञ्चालन बजेट

| क्र. सं. | स्थानीय तह | खरको छाना भएका घर | हालसम्म विनियोजित बजेट |
|---|---|---|---|
| १ | राजपुर गाउँपालिका | २,३३० | २ करोड ६३ लाख ९८ हजार |
| २ | गढवा गाउँपालिका | २,१८७ | २ करोड ३ लाख |
| ३ | घोराही उपमहानगरपालिका | १,८८१ | ५ करोड ५१ लाख ५४ हजार |
| ४ | बंगलाचुली गाउँपालिका | १,४१६ | २ करोड ९० लाख ३७ हजार |
| ५ | लमही नगरपालिका | १,११८ | २ करोड २ लाख ६६ हजार |
| ६ | तुलसीपुर उपमहानगरपालिका | ७१६ | ४ करोड ८३ लाख ९५ हजार |
| ७ | बबई गाउँपालिका | ६८० | १ करोड ४७ लाख ७९ हजार |
| ८ | शान्तिनगर गाउँपालिका | १८४ | १ करोड २७ लाख ७७ हजार |
| ९ | राप्ती गाउँपालिका | १७४ | १ करोड ७६ लाख ६४ हजार |
| १० | दंगीशरण गाउँपालिका | १५४ | १ करोड २२ लाख ७० हजार |

*स्रोतः जनगणना र सघन शहरी तथा भवन निर्माण आयोजना दाङ*

**लाभग्राही एकातिर, बजेट अर्कैतिर**

पछिल्लो राष्ट्रिय जनगणना अनुसार दाङमा ११ हजार तीन सय ४० घरको छाना खरको छ। विपत्बाट हुने क्षतिमा सबै भन्दा बढी आगलागीबाट क्षति भएको जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको रेकर्डमा छ। केन्द्रका अनुसार आगलागीको उच्च जोखिममा राजपुर, गढवा, बबई, दंगीशरण, शान्तिनगर, बंगलाचुली र राप्ती गाउँपालिका छन तर सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यी पालिकामा बजेट कम पठाइएको छ। राजपुर गाउँपालिकामा सबैभन्दा धेरै पाँच हजार आठ सय २९ परिवारमध्ये दुई हजार तीन सय ३० परिवार खरको छानामुनि रहेको जनगणनाको रेकर्ड छ। तर त्यही गाउँपालिकामा सुरक्षित नागरिक आवास कार्यक्रमको बजेट चौथो नम्बरमा परेको छ।

## हारेर पनि ...

महाधिवेशनबाट पूर्ण केन्द्रीय कमिटी टुंगाउन नसकेपछि पुरानो ९३ जनाको आयोजक कमिटीलाई जिम्मेवारी दिएर करिब एक हजार ८ सय प्रतिनिधिलाई बिनानिर्णय घर पठाइयो। साउन १८ मा थप सदस्य मनोनीत गरी ३ सय ४४ सदस्यीय केन्द्रीय कमिटीलाई पूर्णता दिइपछि त्यही कमिटीले निर्वाचनको विधिबाट बाँकी १८ पदाधिकारी र १०५ पोलिटब्युरो सदस्य निर्वाचित गरेको हो। त्यसो त झाँक्रीलाई हराएर उपाध्यक्ष बनेकी जयन्ती राईको राजनीतिक इतिहास नभएको होइन तर बढी चर्चा झाँक्रीले किन हारिन् भन्नेले नै पायो। पार्टीका केन्द्रीय सदस्यहरूबाटै भएको निर्वाचनबाट निर्वाचित राईले १ सय ९९ मत ल्याउँदा झाँक्री १ सय १२ मत ल्याएपछि अब यहाँ उनको भविश्यका विषयमा चर्चा बढी भएको हो। २०७८ भदौमा एमालेबाट छुट्टिएर नेकपा एस बन्दा सचिव रहेकी झाँक्री पछिल्लो समय अध्यक्ष माधव नेपालसहितका नेताहरूको आलोचना गर्दै आएकी थिइन्। उनको आलोचनाबाट असन्तुष्ट नेपाल मात्रै होइन निर्वाचनमा हार खाएर पछि त्यो पार्टीमा पुगेर महासचिव बनेका घनश्याम भुसालले समेत उनलाई चाहेनन् भन्ने प्रष्ट देख्न सकिन्छ। झाँक्री आफैले नेपाल र भुसालको गुटबन्दीको शिकार बनेको स्पष्ट पारेकी छन्। 'दुवै शीर्ष नेताको लिस्टमा नपरेपछि कसरी जित्ने चुनाव, देखेको कुरा बोल्ने र असहमति राख्नेहरूलाई अघि बढ्न चुनौती छ' उनले निकटस्थहरूलाई सुनाएकी छन्।

त्यसो त गत निर्वाचनमा राष्ट्रिय पार्टी बन्न नसकेको नेकपा एकीकृत समाजवादीमा केन्द्रीय कमिटीको संख्या हेर्दा नै नेताहरू जन्माउन बनेको जस्तो देखिन्छ। देशभरमा ३ लाख मतदाताको मन जित्न नसक्ने पार्टीको केन्द्रीय कमिटी ३४४ सदस्य बनेको छ। चरम गुटबन्दीको शिकार भएको महाधिवेशनदेखि पदाधिकारी निर्वाचनसम्म आउँदा प्रष्ट भएको र महाधिवेशनमा सहमतिमै केन्द्रीय समिति र पदाधिकारी चयन गर्ने भन्दै निर्णय गरेपनि अन्ततः पदाधिकारीको चयन मतदानबाट गर्न गरिएको यो विधिले पार्टी ओरालो गतिमा रहेको विश्लेषण सोही पार्टीमै रहेका नेताहरूले गर्न थालेका छन्।

नेपालको राजनीतिमा युवा र प्रभावशाली नेतृको पहिचान बनाएकी झाँक्री नै एकीकृत समाजवादीको पदाधिकारीमा नअटाउने अवस्था आउनुले अब यो पार्टी कता जाँदैछ भन्ने संकेतको रूपमा बुझ्नुपर्ने विश्लेषण शुरु भएको सामाजिक सन्जालमा बहस भइरहेको छ। मिडिया र सामाजिक सञ्जालमा अब झाँक्री एकीकृत समाजवादीमा रहनुको कुनै औचित्य नरहेको टिप्पणी भइरहे पनि उनी पोलिब्यूरोमा चौथो राम्रो मत ल्याएकी छन्। केहीले उनलाई एमालेमा फर्किन सुझावसमेत दिएपनि तत्काल त्यो निर्णय लिँदा उनलाई पदलोलुपताको आरोप पनि लाग्नसक्छ।

नेकपा एकीकृत समाजवादीको अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे रहेका छन्। त्यस्तै उपाध्यक्षहरू डा. गंगालाल तुलाधर, जगन्नाथ खतिवडा, प्रकाश ज्वाला, भानुभक्त जोशी र जयन्ती राई रहेका छन्। त्यस्तै महासचिव घनश्याम भुसाल, उपमहासचिवमा मेटमणि चौधरी, रामकुमार खड्का, गरिमा शाह र राजेन्द्र राई निर्वाचित भएका छन्। त्यसैगरी सचिवमा शेरबहादुर कुँवर, सोमप्रसाद पाण्डे, श्रीनाथ बराल, सावित्रीकुमारी भुसाल र चन्द्रबहादुर शाही रहेका छन्।

# सिटिजन्स बैंक र श्री एयर लाइन्सबिच समझदारी

काठमाडौं, १३ भदौ (दैपस)- सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड र श्री एयरलाइन्सबिच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ। सो समझदारीपत्र अनुसार सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले श्री एयरलाइन्समा टिकट खरिदमा एकमुष्ट रु ५०० को आकर्षक छुट पाउनेछन्।

सो छुट श्री एयरलाइन्सको सबै कार्यालयको काउन्टरबाट मात्र प्राप्त हुनेछ। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ। डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने छ। सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले देशैभर ६० जिल्लामा फैलिएका आफ्ना १ सय ९७ वटा शाखा, १ सय ६२ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखारहित बैंकिङ्ग ईकाइहरूबाट करिब १८ लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ।




## दलितलाई ..

हुन त खगेन्द्र सुनारले गरेको आन्दोलन कतिपय माथिल्लो वर्गलाई पछाडि पार्न र दमन गर्न खोजिएको आन्दोलन कदापी होईन। उनले त केवल संविधानमै दलितले पाएको अधिकारलाई राज्यले किन दिन कन्जुस्याई गरिरहेको छ? भन्ने कुरा हो। धेरै व्यक्तिलाई लाग्छ खगेन्द्र सुनारले बेकारमा यो आन्दोलन गरिहेको होला? आन्दोलनबाट के हुन सक्छ? किन एक्लै आन्दोलनमा होमिएको होला? भन्ने लगायतका तमाम प्रश्नहरू पनि मनमनै, घरभित्र र बाहिर गरिरहेका होलान्।

देशमा २००७ सालको प्रजातन्त्र प्राप्ती, २०५२ सालको जनयुद्ध, २०६२/६३ सालको निरंकुश राजतन्त्र विरुद्धको जनआन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र संविधान निर्माणलगायत राज्यका हरेक क्षेत्रमा दलित समुदायको अग्रपङ्तिमा महत्वपूर्ण योगदान रहेको छ। तर पनि अधिकारका लागि राज्यले कन्जुस्याई गर्नु उनीहरूको अधिकारका दबाउनु हो।

निरंकुशतावादी हटेर गणतन्त्र प्राप्त भएको देशमा खुलेर आफ्ना मागहरू राख्न पाउनु कुनै पनि नागरिकको अधिकार हो। त्यो अधिकार सिंगो दलितहरूले यतिबेला निर्धक्क भएर आफ्नो अधिकार खोज्ने र बोल्ने बेला आएको छ। हिजो पंचायतकालमा दलितलाई बोल्न नदिने अवस्था थियो अहिले त्यस्तो छैन। यही बेलामा सिंगो दलित समुदायको आवाज बुलन्द गर्दै अधिकारका लागि दलितलाई खै? भनेर सडक तताउँदै गर्दा दलित समुदायका नेता, कार्यकता र आम नागरिकले खगेन्द्रको मागको विषयमा बेबास्ता गर्छन भनी उनीहरू भोलिका दिनमा पछुताउने छन् र भन्ने छन् खगेन्द्र सुनारले उठाएको माग अत्यन्तै जायज हो भनेर। आन्दोलनको सुरुवाती चरणमा शरीरमा नेल लगाई सिंहदरबारमा अभियान्ता खगेन्द्र सुनार प्रवेश गर्न खोज्दा प्रहरीबाट पक्राउ गरी केही समयमै उनलाई रिहा गरेको थियो। त्यसको अर्को दिन उनै सुनारले पत्रकार सम्मेलन गरी आफ्नो आन्दोलन कुनै हालतमा नरोकीने र शान्तिपूर्णरूपमा निरन्तर चलिरहने बताएका थिए।

आज आन्दोलन भएको करिब ४ हप्ता बित्दै गर्दा सरकारले उनका मागप्रति सहजरूपमा सम्बोधन गर्न सकिरहेको छैन। अभियान्ता सुनार भन्छन्, 'यो त आन्दोलनको टेलर मात्रै हो पूरा कार्यक्रम हेर्न त असोज ३ गते संविधान दिवसका दिन काठमाडौंमा आउन सबैलाई हार्दिक अपिल गर्दछु।' खगेन्द्र सुनारले यो आन्दोलन गरिरहदासम्म राष्ट्रिय स्वतन्त्र पार्टीले एक्यवद्धता जनाएको छ। त्यसो त रास्वपाका नेता तथा प्रतिनिधिसभा सदस्य मानीय सन्तोष परियार र शिव नेपालीले आन्दोलनमै आएर यो आन्दोलनको माग यथार्थ र जायज भएको बताउँदै अन्य दलमा आवद्ध दलित सांसदहरू पनि आन्दोलनमा आउन अपिल गरेका छन्। त्यसो त रास्वपाका पार्टी सभापति तथा पूर्व उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले संसदमै यो आन्दोलनको बारेमा सरकारलाई ध्यानाकर्षण गराईसकेका छन्। यो दलित आन्दोलनकर्मीहरूको लागि र दलित समुदायको लागि खुसीको कुरा हो।

वर्षोवर्षसम्म जसले दलितको अधिकारका लागि राज्यका विभिन्न निकायमा पुगे। आज तिनै सांसद तथा नेता यो आन्दोलनमा जुटेर थप सहयोग गर्नुपर्ने बेलामा मौन बस्नु पटक्कै सुहाउँदैन। आज त बस मौन तर भोलि तिनै ६० लाख दलितले तिमीहरूलाई दिने भोटको अवस्था के होला? त्यो बेलाको समयलाई अहिले चिन्नुपर्ने बेला दलित नेताहरूलाई आएको छ। अहिले आन्दोलनमा देश तथा विदेशबाट अभियान्ता खगेन्द्रलाई ठूलो आड र भरोसा अनि साथ आईरहेको छ। प्रवासमा बस्ने धेरै दलितहरू असोज ३ गतेको आन्दोलनका लागि काठमाडौं आउने भनेर जानकारी दिईसकेको अवस्था छ। खगेन्द्र सुनार भन्छन्, असोज ३ गते संविधान दिवसका दिन सबै दलित आफ्नो लागि एकैछिन, देशभरका ६० लाख दलितहरू दलितलाई खै? लेखेको ब्यानर लिएर काठमाडौंको सिंहदरबारमा आउने बताए। उनले दलितको एकता गैरदलितको विरुद्धमा नभएको बताए। देशभरबाट नेपालको इतिहासमा पहिलो पटक देशभरका दलितहरू सरकारलाई प्रश्न गर्न एउटा औला ठड्याउन आउने बताए। उनले सबै दलितका कलाकारहरू र बाजागाजासहितका दलितहरू सिंहदरबारमा शान्तिपूर्ण रूपमा आउने समेत बताए। त्यसबेला सरकारले दलितहरू कति रहेछन् भन्ने कुराको हेक्का राख्ने छ। यसरी संविधानमा भएका अधिकारलाई सरकारले व्यवहारमा लागु गर्न नसक्दा आज एक जना राज्यमन्त्री दिएर जसरी सरकार उम्किएको छ। यसमा सबै दलितहरूको स्वीकार्य छैन। जबसम्म सरकारका उच्च तहमा दलितहरूको उपस्थित रहदैन यो आन्दोलनले सार्थकता पाउने छैन। अभियान्ता खगेन्द्र सुनारले गरेको साहस र हिम्मतलाई मैले यहाँनेर सलाम गर्नैपर्छ। यहाँको कठोर मेहनत, लगाव र दृढ इच्छाशक्तिले गर्दा नै यो आन्दोलन यहाँसम्म पुगेको हो। सिंगो दलित समुदायको तर्फबाट तपाईले गरेको त्याग, तपस्या अतुलनीय छ। एकपटक आफ्नो क्षेत्रबाट कसरी हुन्छ यो आन्दोलनलाई सहयोग गरौं। सरकारले यो आन्दोलनका मागहरू तुरुन्तै सम्बोधन गर्नेतर्फ लागोस्। धन्यवाद।

**Kanchan Rural Municipality**
**Office of Rural Municipal Executive**
Kanchan-02, Rupandehi

# Invitation for Electronic Bids

Date of publication: 2081/05/14

1. Kanchan Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the following work:

| SN | Contract ID/Works | Estimated Amount | Bid Security Amount (Nrs.) | Fee for Bid Document |
|---|---|---|---|---|
| 1 | **KRM/WORK/NCB/02/081/82** Construction work for additional floor above the existing ground floor at Durga Secondary School Sundarnagar Block | 22,56,454.74 (Exclusive of VAT & Contingencies) | 65000/- | 3,000/- |

2. Interested bidders may obtain further information at Kanchan Rural Municipality office or may visit PPMO website www.bolpatra.gov.np/egp. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only and deposit the cost of bidding document in the following specified bank:
   **Name of Office:** Kanchan Rural Municipality
   **Name of Account Number:** Kanchan Gaupalika Aantarik Rajashwa Khata
   **Rajaswa (revenue) Account no:** 1102050029007002
   **Name of the Bank:** NIC Asia Bank, Kanchan 3, Haraiya, Rupandehi
3. Any amendment in the tender notice will be posted in the notice board at office and PPMO's website www.bolpatra.gov.np/egp. The employer reserves the right to accept, reject, wholly or partly any or all the bids without assigning reason, whatever.

Chhatrakot Rural Municipality
**Office of the Rural Municipal Executive**
Choyaga, Gulmi

# Invitation for Electronic Bids

Date of First Publication: 30th August, 2024

1. The Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi invites electronic bids from Nepalese eligible bidders for Work as mentioned below under National Competitive Bidding - Single Stage one Envelope Bidding procedures.

| Contract No. | Description of Works | Bid Document Fee (NRs.) | Bid Securities (NRs.) | Estimated Price (with Vat and Ps) |
|---|---|---|---|---|
| CRM/Gul/W/NCB-02/081-82 | Upgrading of Birbas Koldhari Barjiya Jherdi Sisne (Guntung Pallikot) Section to Black Topped Standard | 3,000 | 5,00,000 | 1,87,14,649.67 |

2. Eligible Bidders can get further information regarding Bid Document at the Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi during office hours, Office website www.chhatrakotmun.gov.np, Contact no. 9857067908, 9861253525 and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



















